**मस्यौदा अवधारणा पत्र / कार्ययोजना**

# नेपालमा किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDROP) को प्रवर्द्धन र कार्यान्वयनका लागि उपकरण तथा रणनीतिहरू

**२०२५–२०२६**

## १. सन्दर्भ

डिसेम्बर २०१८ मा १७ वर्षसम्म चलेको गहन संघर्ष, निरन्तर पहल र वार्तापछि संयुक्त राष्ट्रसंघको महासभाले किसान तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDROP) पारित गऱ्यो। यस घोषणापत्रले किसान तथा ग्रामीण क्षेत्रमा श्रम र जीवन निर्वाह गर्ने अन्य समुदायहरूको अधिकारलाई संहिताबद्ध (codify) गर्दै कानुनी तथा मानक रूपमा संरक्षण गर्दछ।

यस तालिम प्रक्रियाको ढाँचाभित्र हामी विशेष रूपमा घुमन्ते **पशुपालक समुदाय (mobile pastoralists)** का अधिकारहरूमा केन्द्रित हुनेछौं, जसमा **घुमन्ते (nomadic) तथा स्थानान्तरणशील/ऋतु अनुसार बसाइँ सर्ने (transhumant) समुदायहरू** समावेश छन्। यी सबै समुदायहरू UNDROP अन्तर्गत स्पष्ट रूपमा मान्यता प्राप्त **अधिकार वहनकर्ता (rights holders)** हुन्।

यो घोषणापत्र किसान, ग्रामीण मजदुर, पशुपालक, घुमन्ते तथा स्थानान्तरणशील समुदाय, परम्परागत साना माछा मार्ने समुदाय, शिकारी–सङ्कलक (hunter-gatherers) तथा ग्रामीण क्षेत्रमा काम गर्ने अन्य सबै साना स्तरका खाद्य उत्पादकहरूको अधिकारको कानुनी तथा मानक (normative) संरक्षणतर्फको ऐतिहासिक कदम हो। वास्तवमा, यी समुदायहरू विश्वभर गरिबी, भोकमरी तथा बहुआयामिक मानवअधिकार उल्लङ्घनका सबैभन्दा पहिलो पीडित हुन्। तर यो अवस्था गहिरो विरोधाभासपूर्ण छ, किनकि आज

विश्वव्यापी रूपमा दक्षिण र उत्तर दुवै गोलार्धमा रहेका ग्रामीण जनता र श्रमिकहरू जैविक विविधताको संरक्षण, गरिबी र भोकमरीको विरुद्ध तथा जलवायु संकटसँगको संघर्षका प्रमुख कर्ता हुन् भन्ने कुरा व्यापक रूपमा स्वीकार गरिएको छ।

२०१८ मा UNDROP पारित भइसकेपछि हामी अहिले नयाँ चरणमा प्रवेश गरेका छौँ—घोषणापत्रको प्रवर्द्धन र कार्यान्वयनको चरणमा। यस चरणले UNDROP मा आधारित सिकाइ र राजनीतिक पैरवी प्रक्रियाको समानान्तर विकासको माग गर्दछ। यस्तो प्रक्रिया विश्वभरका आधारभूत तहका ग्रामीण संगठनहरूसम्म घोषणापत्रलाई पुऱ्याउन अनिवार्य छ। घोषणापत्र व्यवहारमा जीवित बन्नु, किसानहरूले यसको सामग्रीसँग आफ्नो पहिचान गाँस्नु र दैनिक संघर्ष, पैरवी तथा राजनीतिक काममा यसलाई प्रयोग गर्नु अत्यन्तै महत्वपूर्ण छ। हाम्रो उद्देश्य UNDROP लाई संयुक्त राष्ट्रसंघको कुनै बन्द दराजमा सीमित कागजात हुन नदिई ग्रामीण क्षेत्रमा बसोबास र श्रम गर्ने जनताको सामाजिक, आर्थिक, पर्यावरणीय र राजनीतिक जीवनस्तर सुधारको सशक्त माध्यम बनाउनु हो।

UNDROP को प्रवर्द्धन र कार्यान्वयन प्रक्रियामा केही प्रमुख चरणहरू समावेश छन्—चेतना अभिवृद्धि, तालिममार्फत क्षमतावृद्धि, अनुगमन संयन्त्रको स्थापना र संगठित पैरवी। यो अवधारणा पत्रले नेपालका किसान तथा ग्रामीण संगठनहरूलाई यस प्रक्रियामा प्रभावकारी रूपमा संलग्न हुन सक्षम बनाउने व्यावहारिक र रणनीतिक कार्ययोजनाको आधार तयार गर्ने लक्ष्य राख्दछ। अन्तिम उद्देश्य यी शक्तिहरूलाई संगठित गर्दै UNDROP लाई मौलिक मानवअधिकार दाबी र कार्यान्वयन गर्ने सशक्त कानुनी तथा राजनीतिक औजारमा रूपान्तरण गर्नु हो।

## २. उद्देश्यहरू

यो राजनीतिक प्रक्रिया सूचना, तालिम, अनुगमन र पैरवी गतिविधिहरूमा आधारित छ। यसका दुई प्रमुख उद्देश्यहरू निम्नानुसार छन्:

१) UNDROP सम्बन्धी ज्ञान, क्षमता र सामूहिक बुझाइ अभिवृद्धि गर्ने सिकाइ तथा तालिम प्रक्रिया विकास गर्नु, ताकि नेपाली किसान, अन्य ग्रामीण अधिकार वहनकर्ताहरू तथा सहयोगी निकायहरूले यस घोषणापत्रमाथि गहिरो स्वामित्व स्थापित गर्न सकून्।

यसको लक्ष्य ग्रामीण नेतृत्वलाई यसरी प्रशिक्षित गर्नु हो कि उनीहरूले आफ्ना संगठन र सदस्यहरूलाई तालिम दिन सकून्, जसले गुणक प्रभाव (multiplier effect) सिर्जना गरोस्। अर्थात्, यो तालिमको अर्को प्रमुख उद्देश्य भविष्यका प्रशिक्षकहरू उत्पादन गर्नु हो, जुन UNDROP लाई व्यापक रूपमा सामाजिकरण गर्ने र यसको कार्यान्वयनमा योगदान पुर्‍याउने अत्यावश्यक चरण हो।

भविष्यमा किसान तथा ग्रामीण संगठनहरूका साथै वकिल, राष्ट्रिय निकाय, सांसद र सरकारी कर्मचारीहरू (UNDROP को राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यान्वयनका प्रमुख पात्रहरू) का लागि समेत तालिम आवश्यक पर्नेछ भन्ने हाम्रो पूर्वानुमान छ।

२) नेपालमा UNDROP को प्रवर्द्धन र कार्यान्वयनका लागि पैरवी कार्ययोजना तयार गर्नु र रणनीतिहरू स्थापना गर्नु।

यसको अर्थ, यो प्रक्रियाले किसान, ग्रामीण आन्दोलन र अन्य नागरिक समाज संगठनहरूलाई UNDROP बुझ्ने मात्र होइन, यसको प्रवर्द्धन र कार्यान्वयनको अनुगमन गर्ने तथा राष्ट्रिय तह र सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रक्रियामा राजनीतिक पैरवीमार्फत यसलाई अगाडि बढाउने औजारहरू प्रदान गर्नुपर्छ।

**३. कहाँ र कसरी?**

गतिविधिहरूको ढाँचा व्यक्तिगत सिकाइ, अन्तरक्रियात्मक जूम सत्रहरू र भौतिक उपस्थितिमा हुने विभिन्न गतिविधिहरूको संयोजनमा आधारित हुनेछ।

आयोजकहरूले मध्यकालीन र दीर्घकालीन संलग्नता सुनिश्चित गर्ने अनुगमन तथा अनुवर्ती सत्रहरू उपलब्ध गराउनेछन्। यस अनुगमनको उद्देश्य सहभागीहरूलाई सिकाइलाई व्यवहारिक कार्यमा रूपान्तरण गर्ने भविष्यका प्रयासहरूमा साथ दिनु हो।

## ४. कार्यक्रम, कार्ययोजना र कार्यविधि

यो प्रक्रिया करिब एक वर्षको अवधिमा सम्पन्न हुनेछ। यसमा पहिलो चरण अनलाइन तालिम, दोस्रो चरण नेपालभित्र भौतिक रूपमा हुने पैरवी गतिविधि र तेस्रो चरण जेनेभामा हुने अन्तर्राष्ट्रिय पैरवी समावेश हुनेछ।

यस प्रक्रियामा पाँच चरण र चार प्रमुख मोड्युलहरू रहनेछन्:

१) परिचय सत्र
२) मोड्युल १: UNDROP प्रक्रियाको इतिहास र सिकाइहरू (व्यक्तिगत)
३) मोड्युल २: UNDROP का प्रमुख अधिकारहरू (व्यक्तिगत)
४) मोड्युल ३: किसान अधिकार उल्लङ्घनका ठोस घटनाको अनुगमन (अन्तरक्रियात्मक)
५) मोड्युल ४: UNDROP को प्रवर्द्धन र कार्यान्वयनका उपकरण तथा रणनीतिहरू (अन्तरक्रियात्मक)

### I) अनलाइन तालिम (भविष्यका प्रशिक्षकहरूको तालिम) – जनवरी/फेब्रुअरी २०२६

### परिचय सत्र

यस सत्रमा सहभागीहरूलाई UNDROP को परिचय दिइनेछ र अनलाइन तालिमको कार्यविधि तथा कार्यक्रम स्पष्ट गरिनेछ।
**कहिले?** बिहीबार, ९ जनवरी २०२६, दिउँसो ३–५ बजे (काठमाडौं समय)

### मोड्युल १: UNDROP प्रक्रियाको इतिहास र सिकाइहरू

**उद्देश्य:** UNDROP को ऐतिहासिक पृष्ठभूमि बुझ्नु, संयुक्त राष्ट्रसंघीय प्रणाली र मानवअधिकार संयन्त्रबारे जानकारी हासिल गर्नु, किसान अधिकार कसरी अन्तर्राष्ट्रिय मुद्दा बने र La Via Campesina तथा उसका सहयोगीहरूले के–के सिके भन्ने बुझ्नु।
**कार्यविधि:** भिडियो तालिम, पठन सामग्री, अनलाइन प्रश्न–उत्तर र आत्ममूल्याङ्कन

प्रश्नावली।
**समय:** ९ जनवरीदेखि ३० जनवरी २०२६ सम्म

### मोड्युल २: UNDROP का प्रमुख अधिकारहरू

भूमि र प्राकृतिक स्रोतमा अधिकार, सहभागिताको अधिकार, खाद्य अधिकार र खाद्य सार्वभौमिकता, किसान महिलाको अधिकार, सामाजिक सुरक्षा, वातावरण, बीउ र जैविक विविधता, सम्मानजनक जीवनस्तर र उत्पादनका साधनमा अधिकार, साथै किसान गतिविधिसँग सम्बन्धित आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरूको प्रस्तुति र विश्लेषण।
**उद्देश्य:** UNDROP का धाराहरू व्यवहारमा के अर्थ राख्छन् भन्ने स्पष्ट बुझाइ।
**कार्यविधि:** व्यक्तिगत अध्ययनपछि सामूहिक पाठ र छलफल।
**समय:** ९ जनवरीदेखि ३० जनवरी २०२६ सम्म

### मोड्युल ३: किसान अधिकार उल्लङ्घनको अनुगमन

**पहिलो भाग:** समूहकार्य, ठोस घटनाको प्रस्तुति, उल्लङ्घित अधिकारको पहिचान।
**मार्गदर्शक प्रश्नहरू:** कुन अधिकार उल्लङ्घन भए? कसले गर्‍यो? कसरी भयो? तपाईं के गर्दै हुनुहुन्छ?
**दोस्रो भाग:** नेपालमा किसान अधिकारको अवस्था अनुगमन कसरी गर्ने भन्ने सामूहिक छलफल।
**समय:** ३० जनवरी २०२६, ३–५ बजे

### मोड्युल ४: UNDROP को प्रवर्द्धन र कार्यान्वयनका उपकरण र रणनीतिहरू

सैद्धान्तिक पृष्ठभूमि, कार्ययोजना निर्माण, राष्ट्रिय/क्षेत्रीय/अन्तर्राष्ट्रिय रणनीतिहरू (जस्तै किसान अधिकार विधेयक, सार्वजनिक नीतिको समायोजन, न्यायिक प्रक्रियामा UNDROP को प्रयोग)।
**उद्देश्य:** रणनीतिक कार्ययोजना निर्माण, कार्यान्वयन र अनुगमन।

**समय:**

– ६ फेब्रुअरी २०२६ (कार्ययोजना निर्माण)

– १३ फेब्रुअरी २०२६ (कार्यान्वयन छलफल)

– अनुगमन सत्र: पछि तय गरिनेछ

**II) स्थानीय तथा राष्ट्रिय पैरवी गतिविधिहरू – जनवरी–डिसेम्बर २०२६**

१) स्थानीय तथा राष्ट्रिय सरोकारवालासँग बैठक र छलफल

२) UNDROP र तालिम सामग्री नेपाली भाषामा प्रकाशन

३) नेपालमा UNDROP को कानुनी अवस्था अभिलेखीकरण

४) चेतनामूलक कार्यशाला र तालिम

५) सार्वजनिक नीति र कानुनी ढाँचामा UNDROP समेट्न पैरवी

६) किसान अधिकार उल्लङ्घनका घटनाको निरन्तर अनुगमन

**III) अन्तर्राष्ट्रिय पैरवी (जेनेभा) – जुन/अक्टोबर २०२६**

विकास गरिनेछ।